संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ८ र ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ १४ गते शनिबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय राष्ट्रपति महोदयले २०७९ जेठ १० गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री विष्णु प्रसाद पौडेल
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड)
४. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
५. मा० श्री उपेन्द्र यादव
६. मा० श्री लक्ष्मणलाल कर्ण
७. मा० श्री आशा कुमारी वि.क.
८. मा० श्री पुष्पा भुसाल (गौतम)
९. मा० श्री गिरिराजमणि पोखरेल
१०. मा० श्री कल्याणी कुमारी खड्का
११. मा० श्री गोकर्ण राज विष्ट
१२. मा० श्री दिव्यमणि राजभण्डारी
१३. मा० श्री गजेन्द्र बहादुर महत
१४. मा० श्री निरा देवी जैरु
१५. मा० श्री पद्मा कुमारी अर्याल
१६. मा० श्री डा० डिला सँग्रौला (पंत)
१७. मा० श्री दिल कुमारी
१८. मा० श्री पार्वती कुमारी विशुन्के
१९. मा० श्री कृष्णभक्त पोखेल
२०. मा० श्री प्रकाश रसाईली (स्नेही)
२१. मा० श्री सुदन किराती
२२. मा० श्री गणेश सिंह ठगुन्ना
२३. मा० श्री मिना सुब्बा
२४. मा० श्री जयपुरी घर्ती
२५. मा० श्री गोमा देवकोटा
२६. मा० श्री सत्य नारायण शर्मा खनाल
२७. मा० श्री कमला रोका
२८. मा० श्री विष्णु शर्मा
२९. मा० श्री रंगमति शाही
३०. मा० श्री दुर्गा कुमारी वि.क.
३१. मा० श्री राज बहादुर बुढा
३२. मा० श्री लक्ष्मी परियार
३३. मा० श्री राम कुमारी चौधरी
३४. मा० श्री थम माया थापा
३५. मा० श्री महेन्द्र कुमारी लिम्बु
३६. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
३७. मा० श्री मोहन बानियां
३८. मा० श्री सुजाता परियार
३९. मा० श्री सुरेश कुमार राई
४०. मा० श्री झपट बहादुर रावल
४१. मा० श्री सञ्जय कुमार गौतम
४२. मा० श्री रेखा शर्मा
४३. मा० श्री नविना लामा
४४. मा० श्री मीन बहादुर विश्वकर्म
४५. मा० श्री सत्य पहाडी
४६. मा० श्री पवित्रा निरौला (खरेल)
४७. मा० श्री देव प्रसाद तिमलसेना
४८. मा० श्री रामेश्वर राय यादव
४९. मा० श्री पदम गिरी
५०. मा० श्री राम बहादुर विष्ट
५१. मा० श्री माया देवी न्यौपाने
५२. मा० श्री पार्वता डि.सी. (चौधरी)
५३. मा० श्री नारायण प्रसाद मरासिनी
५४. मा० श्री सुवर्ण ज्वारचन
५५. मा० श्री मैना कुमारी भण्डारी
५६. मा० श्री चित्रलेखा यादव
५७. मा० श्री नर बहादुर धामी
५८. मा० श्री यज्ञ बहादुर बोगटी
५९. मा० श्री नवराज राउत
६०. मा० श्री देव प्रसाद गुरुङ्ग

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (१) बमोजिम राज्य व्यवस्था तथा सुशासन समितिका मा० सदस्य श्री देवेन्द्र राज कंडेलले "राज्य व्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७८" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्नेगरी बैठक साँझ ६:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा साँझ ७:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले सम्माननीय राष्ट्रपति महोदयले २०७९ जेठ १० गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री लालबाबु पण्डित
५. मा० श्री पदम गिरी
६. मा० श्री कृष्णभक्त पोखेल
७. मा० श्री झपट बहादुर रावल
८. मा० श्री भीमबहादुर रावल
९. मा० श्री गोमा देवकोटा
१०. मा० श्री मोहन बानियां
११. मा० श्री यज्ञबहादुर बोगटी
१२. मा० श्री नरबहादुर धामी
१३. मा० श्री पद्मा कुमारी अर्याल
१४. मा० श्री प्रदिप कुमार ज्ञवाली
१५. मा० श्री नविना लामा

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले स्पष्टीकरणको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७९/०८० को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७९/०८० को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिका देहायका संशोधनकर्ता मा० सदस्यहरुले आफ्नो संशोधन फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधनहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री हृदयेश त्रिपाठी
२. मा० श्री दुर्गा पौडेल
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री भीमबहादुर रावल
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री खगराज अधिकारी

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति महोदयले २०७९ जेठ १० गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "आर्थिक सर्वेक्षण २०७८/७९", "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९" र "मन्त्रालयगत प्रगति विवरण (आर्थिक वर्ष २०७७/७८ को यथार्थ र आर्थिक वर्ष २०७८/७९ को चैतसम्मको विवरण)" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थ मन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान मिति २०७९ जेठ १५ गते आइतबार दिनको ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम भएकोले उक्त बैठकका लागि प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे अगाडि नै प्रतिनिधि सभाको बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ १५ गते आइतबार अपरान्ह ६:०० बजे बस्नेगरी आजको बैठक बेलुका ८:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव